# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत ६ गते २०३८ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

१. खण्ड २८, मिति ०३५।१।१७, अतिरिक्ताङ्क ६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम दाङ जिल्लाको मोहियानी सम्बन्धमा गठित विशेष अदालतको अध्यक्ष र सदस्यमा देहायबमोजिम हेरफेर गरिएको छ।

(१) श्री सर्वोच्च अदालतका भू.पू. माननीय न्यायाधीश, श्री झपट सिंह रावल– अध्यक्ष

(२) श्री जिल्ला पञ्चायत सभापति, दाङ– सदस्य

(३) श्री भूमिसुधार अधिकारी, दाङ– सदस्य

२. उक्त विशेष अदालतको म्याद भुक्तान भएका मितिबाट पुनः ६ महीना थप गरिएको छ।

आज्ञाले–

ध्रुववर सिंह थापा

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०८